# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## एकडारा गाउँपालिका
## महोत्तरी




महालेखापरिक्षकको कार्यालय

काठमाडौ, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं १ र प्रदेश न २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७८।७९

च. नं. १०३

मितिः २०७८/५/४

बिषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री अध्यक्षज्यु

एकडारा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

..........................

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्नसक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरेको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं १ र प्रदेश न २ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं.: ६४ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
एकडारा गाउँ कार्यपालिकाको कार्यालय,
महोत्तरी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले एकडारा गाउँपालिका आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१ पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय बिबरण तयार गरेको छैन

२ लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजातका अधारमा फर्छयौट भएका दफाहरु हटाइ कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ५८ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु १३ करोड २९लाख ३० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ४ करोड१२लाख. १हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ४करोड २ लाख. ३८ हजार नियमित गर्नुपर्ने रु. ३ करोड ६२ लाख ७८ हजार पेश्की बाँकी रु १ करोड ५२ लाख १३ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ

। वित्तिय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तिय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तिय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्ति का कारण वित्तिय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तिय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तिय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउँने सक्ने निश्चितता भने हुदैन । वित्तिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्ति लाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..........................

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

# एकडारा गाउँपालिका महोत्तरी

## लेखापरीक्षण प्रतिवेदन

## संचित कोषको आय-व्यय विवरण

२०७६।७७

| सि न | आय तर्फ | | सि न | ब्यय तर्फ | |
|---|---|---|---|---|---|
| | बिबरण | रकम | | बिबरण | रकम |
| १ | **गत बर्षको जिम्मेवारी** | **१५६०४१८४८.००** | १ | चालु खर्च | ५७०९९११२.२० |
| | नगद | ० | | क)संघिय सशर्त अनुदान | ०.०० |
| | बैक | १५३९६७२२१.०० | | ख) प्रदेश वितिय समानिकरण | ०.०० |
| | ग) धरौटी बैंक | २०७४६२७.०० | | ग) राजस्व वाडफाड | ३८८७४४३६.५० |
| २ | संघीय वित्तिय हस्तान्तरण | **२१३५१९०००.००** | | घ) आन्तरिक श्रोत | १८२२४६७५.७० |
| | वित्तिय समानिकरण अनुदान | १०००००००००.० | २ | पुँजीगत खर्च | १००८६०४८०.६१ |
| | शशर्त अनुदान | ११३५१९०००.० | | क)संघिय वितिय समानिकरण | ३४७८४६८५.०० |
| ३ | **प्रदेश सरकार प्राप्त अनुदान** | **१७१६५०००** | | ख)प्रदेश वितिय समानिकरण अनुदान | २५३२७२३.०० |
| | वित्तिय समानिकरण अनुदान | ७१६५०००.०० | | ग) राजस्व वाडफाड | २४९१३१७.०० |
| | शशर्त अनुदान | ५००००००.०० | | घ)आन्तरिक श्रोत | ६१०५१७५५.६१ |
| | | | ३ | सशर्त अनुदान खर्च | ९७९८०३३९.२० |
| | बिशेष अनुदान | २००००००.०० | | क.)संघिय सर्शत अनुदान | ९११७८२३४.२० |
| | समपुरक अनुदान | ३००००००.०० | | ख.)प्रदेश सर्शत अनुदान | ३३६८०५४.०० |
| | अन्य आय | ० | | ग.)प्रदेश विशेष अनुदान | १९३४०५१.०० |
| ४ | विषयगत निकासा रकम | **८१९९१६४४.००** | | घ.)प्रदेश समपुरक अनुदान | १५०००००.०० |
| | समाजिक सुरक्षा | ७६८०५०००.०० | ४ | विषयगत निकायको खर्च | **८१९९१६४४.००** |
| | स्थानीय पूर्वाधार विकास कार्यक्रम | ३७०८५८६.०० | | क) समाजिका सुरक्षा | ७६८०५०००.०० |
| | तराई मधेश समृध्दी कार्यक्रम | ० | | ख) स्थानीय पूर्वाधार वि सा कार्यक्रम | ३७०८५८६.०० |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण | ७२५९९८ | | राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरण | ७२५९९८.०० |
| | बहुक्षेत्रिय पोषण | ७५२०६०.०० | | घ)बहुक्षेत्रिय पोषण | ७५२०६०.०० |
| ५ | आन्तरिक आय | **५२६१६०६७.७९** | ५ | विभिन्न कोषगत खर्च रकम | **२७७१९३९५.५०** |
| | क) आन्तरिक राजस्व | ४१९८४९४.०३ | | धरौटी फिर्ता | **२६३३६७६.००** |
| | ख) राजस्व बाँडफाँड | ४८४१७५७३.७६ | | युनिसेफ वास कार्यक्रम | ४०१४४१.०० |
| | ग) अन्य आय | ० | | बेटी पढाउ बेटी बचाउ | ५००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | धरौटी प्राप्ती | ४३५९४४६ | | सेतो गुराँस | ०.०० |
| ७ | विविध कोषतर्फको आय | **३१५५३३४.५०** | | सुचना प्रविधि अधिकृत तलब | ३६०९०७.५० |
| | युनिसेफ कार्यक्रम | १३३६६००.०० | | महिला स्वंसेविका पोशाक भत्ता | ३६००००.०० |
| | बेटी पढाउ बेटी बजाउ कार्यक्रम | ५००००.०० | | सडक वोर्ड | ९६०७९३.०० |
| | सुचना प्रविधि अधिकृत तलब | ३६०९०७.५० | | प्रकोप व्यवस्थापनकोष | **२२९५२५७८.००** |
| | | | ६ | मौज्दात | **१८७२०१६९३.७८** |
| | महिला स्वंसेविकाहरुको पोशाक भत्ता | ३६००००.० | | **बाँकी मौज्दात नगद बैकं** | **५३६८६२०३.९६** |
| | सेतो गुरास | ५००००.०० | | क) श्रेस्ता अनुसार बांकी आन्तरिक श्रोत | ०.०० |
| | सडक बोर्ड | ९९७८२७.०० | | ख) धरौटी बांकी | ३८००३९७.०० |
| ८ | प्रकोप व्यवस्थापन कोष | **२४००४३२५.००** | | युनिसेफ वास कार्यक्रम | ७४१७१३२४.०० |
| | प्रदेश सरकार | १००००००.०० | | बेटी पढाउ बेटी बचाउ | ०.०० |
| | संघीय सरकार | १९२३२५ | | सेतो गुराँस | ५००००.०० |
| | स्थानीय तह समानिकरण | २२८१२००० | | सुचना प्रविधि अधिकृत तलब | ०.०० |
| | | | | महिला स्वंसेविका पोशाक भत्ता | ०.०० |
| | | | | सडक वोर्ड | ५२२५६०६७.७९ |
| | | | | **प्रकोप व्यवस्थापनकोष** | ३२३७७०१.०३ |
| | **जम्मा** | **५५२८५२६६५.२९** | | **जम्मा** | **५५२८५२६६५.२९** |

| | | |
|---|---|---|
| | **लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु** | |
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित गाउँपालिका अन्तगत ६ वडा रहेका छन् । २४ व.कि.मी.क्षेत्रफल ओगटेको यस गाउँपालिकाको जनसंख्या ३३००० रहेको छ । | |
| | महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना, २०७७ अनुसार स्वीकृत भएको इकाइगत लेखापरीक्षण योजना बमोजिम कार्यालयले पेश गरेको आर्थिक बिवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र र अन्य बिवरण तथा लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन समेतलाई आधार मानी गाउँपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन | |
| | असुली स्थितीः लेखापरिक्षणको क्रममा बेरुजु औल्याएको टेन्डर बिक्रि बापतको नगद रु ६८००० असुलउपर भई गाउँपालिकाको संचित कोषमा दाखिला भएको छ । | |
| | **वित्तिय विवरण विश्लेषण र संचित कोष हिसाव** ः | |
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । | |
| १.१ | **सुत्रको प्रयोगः** गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने निर्देशन भए अनुसार यस आर्थिक बर्षमा लागु गरेको भएतापनि विषयगत मन्त्रालयबाट प्राप्त बजेट सुत्रमा प्रविष्ट नगरेको, गत वर्षको मौज्दात रकम अ.ल्या. नभिडेको, स्रोतगत अनुमान बजेट सुत्रमा प्रविष्ट गरेकोमा अन्तिम बजेट सोही मानेको हुँदा मौज्दात रकम घटी/बढि देखिएको र कार्यालयले सुत्रबाट गोश्वारा भौचर मात्र उतार गरी अन्य विवरण प्रविष्ट नगरेको कारणले म.ले.प.फा.नं.२७५ र २७२ भिडान नभएको अवस्था छ । डाटा प्रविष्ट गरी वार्षिक प्राप्ती तथा भुक्तानीको हिसाव मिलान गर्नुपर्दछ । पालिकाले सबै कारोबार सुत्रको सफ्टवयरमा प्रबिष्टी नगर्दा मौज्दात जिम्मेवारी र आम्दानी खर्चमा फरक फरक देखिएको छ । | |
| १.२ | **बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक र बार्षिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा गरेको छैन ।चेक साट्न बाकीको बिबरण तयार नगरि स्थानीय तहले खाता सञ्चालन गर्दा मैज्दात फरक पर्न गएको छ ।कार्यालयले चालु र पुजिगत खर्च खातामा रहेको मौज्दात सन्चित कोष खातामा ट्रान्सफर गरी खर्चखाता शुन्य बनाउनु पर्नेमा सो समेत | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | गरेको देखिएन । | |
| १.३ | आर्थिक बर्षको अन्त्यमा स्रेस्ताको मौज्दात रु१८७२०१६९४ र बैक मौज्दात रु २३१०३४३७६ भइ बैक बढि रु ४३८३२६८२ रहेको देखिन्छ। यस सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी स्रेस्तामा हिसाव मिलान गनुपर्ने देखिन्छ । | |
| २ | **काम, कर्तव्य र अधिकार** - स्थानीय तहको अधिकारको (संविधानको अनुसूची-८ मा) उल्लेख छ । स्थानीय तहको अधिकारमा, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण, कृषि तथा पशुपालन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन लगायत २२ प्रकारका अधिकार उल्लेख छ ।<br>सो बाहेक स्थानीय तहले संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा समेत उल्लेख छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानूनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय पालिकालाई कानून बनाई निक्षेपण गर्न सक्ने व्यवस्था छ । यस पालिकालाई मात्र संघ वा प्रदेशबाट छुट्टै कानूनको निक्षेपण भएको अवस्था देखिदैन । | |
| ३ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१बमोजिम प्रत्येक बर्ष आषाढ १० भित्र बजेट पेश गर्नुपर्नेमा यस पालिकाले २०७६।७।४ मा मात्र बजेट पेश गरेको छ । ऐनले तोकेको समयसिमा भित्र बजेट पेश गरी सभाबाट पास गर्नु पर्दछ ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु **२४८७८५४८**पुजीगत खर्च खातामा रु. **१०२३६०४८०** गरी रु१२७२३९०२८ मौज्दात रहेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भएको छैन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• कार्यालयले जिन्सी मौज्दातको बिबरण तयार गरी  जिन्सी निरिक्षण तथा प्रतिबेदन तयार गर्नुपर्नेमा नगरेकोले पालिकाले बिगत बर्ष र यस बर्ष खरिद गरेका जिन्सी मालसामानको अबस्थाको बारेमा बिस्वस्थ हुने आधार भएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र नगद लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा कुनैपनि योजनाको  सार्बजनिक परिक्षण नभएको | |

**लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु**

र सार्बजनिक परिक्षणको नमुना फाराम भुक्तानीको कागजातमा संलग्न गरेतापनि समितका सदस्यले मात्र दस्तखतगरी भर्नुपर्ने बिबरणअधिकांस  नभरी खाली राखेको देखियो ।जसबाट बास्तबिकता एकिन गर्न सकिएन ।

- वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ९ र प्रशासनिकतर्फ २५ समेत  ३४ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः३ र ६  समेत  ९ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।
- सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड  बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २ ऐन, १ नियमावली, ५ कार्यविधि समेत ८ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बीमाः–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम रु १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले निर्माण स्थल, निर्माण सामग्री र कामदारको बीमा गराउनुपर्ने व्यवस्था छ । गाँउपालिकाले सडक निर्माण, भवन निर्माण , बिद्युतीकरण लगायत सम्पूर्ण कार्यमा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराउँदा बीमा गराउने प्रावधान राखेको छैन । जोखिमयुक्त जटिल प्राविधिक पक्ष सामवेश भएको कार्य र हेभि मेशिनरी प्रयोग गर्नुपर्ने कार्य निर्माण व्यवसायीबाट प्रतिस्पर्धाको माध्यमबाट गराउन र जोखिम बहन गर्न बीमा गराउनु पर्दछ ।केहि उदाहरण देहायअनुसार छन ।

| गो.भा.नं | विवरण | मु अ कर बाहेक ल.ई. | सप्लायर्स |
|---|---|---|---|
| २८-०७६।१२।४ | सामुदायिक भवन निर्माण | १७१६६१३ | स्काई कन्ट्रक्सन |
| ३०-०७६।१२।९ | सडकमा ग्राभेल | १००३५७५ | कंचन कन्ट्रक्सन |
| ७८-०७७।३।४ | सडकमा ग्राभेल | १०२९७६९ | रामलाला निर्माण सेवा |

५ **भ्रमण अभिलेख र आन्तरीक नियन्त्रण** ः भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा  भ्रमण खटिने कर्मचारीको अनुसुचि-६ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने र खटाउने  पदाधिकारीले विश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको  थप व्यवस्थापन समेत गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष अनुगमन मूल्याँकन शिषर्क बाट गा पा चालु तर्फ रु

**लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु**

११,९८,९५०।-र सङघिय चालु तर्फ रु २१,०००।- समेत रु १४,०८,९५०।-खर्च गरेकोमा नियमावली अनुसार उद्देश्य र काम प्रयोजन नखुलाएको तथा भ्रमण पश्चात प्रतिवेदन पेश नगरेको अवस्थामा सरकारी काम उल्लेख गरी काठमाडौ जनकपुर जलेश्वर गएको भनी एकै व्यक्तिको पटक पटकको भ्रमण खर्च लेखेको देखिएकोले काम वेगर भ्रमण खर्च भएकोले मितव्ययीता र आन्तरिक नियन्त्रणमा सुधार गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

६ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.२९,००,००० भुक्तानी दिएको पाईयो ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | भार्गव ऋषि बृद्धाश्रम जलेश्वर | आर्थिक सहयोग | २००००० |
| २ | दलित बिपन्न तथा पिछडिएको समुदाय | बिभिन्न भाँडा बर्तन बितरण | ५००००० |
| ३ | बिभिन्न धार्मिक समुदाय | बाजागाजा बितरण | ५००००० |
| ४ | बिभिन्न धार्मिक पुजा समिति | अनुदान | ५००००० |
| ५ | पालिकाबाट खरिद | न्यायिक समिति तथा कर्मचारीएवं पदाधिकारीलाइ सम्मान | २००००० |
| ६ | बिभन्न कल्व तथा सस्था | खेल सामाग्री खाजा खाना | १०००००० |
| | जम्मा | | २९,००,००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

७ **सेवा प्रवाहको स्थिति** ाः सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ । यस वर्ष पालिकाले पंजिकरण तर्फ जन्मदर्ता १०६२, मृत्यूदर्ता १७९, विवाह ४००, बसाई सराई आएको ६ गएको १०,को बिबरण पेश गरेको छ । अपाङ्ग परिचयपत्र, जेष्ठ नागरिक परिचयपत्र लगायतका सेवा प्रवाहको तथ्यांक माग गरेकोमा प्राप्त भएन । पालिकाबाट पूर्वाधार विकासतर्फ सार्वजनिक निर्माण र सडकको तथ्याङ्क पेश भएको छैन । सेवा प्रवाह सम्बन्धी सबै तथ्याङ्क एकीकृत गरी भौतिक प्रगति विवरण अद्यावधिक गर्नुपर्दछ ।

८ सवारी साधन मर्मत गर्नु पर्नेमा लागत अनुमान, मर्मत आदेशका आधारमा मर्मत अभिलेख म.ले.प.फा. नं.२ मा अभिलेख राखी फेरिएको सामान स्टोर दाखिला गरेर मात्र खर्च भुक्तानी गर्नु पर्दछ । पालिकाले मर्मत अभिलेख खाता राखेको छैन ।

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

९ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री महजबी खातुनले २०७६।७।४गते रु४६ करोड ३४ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरी सोही दिन पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।७।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १० | **योजनाः** योजना बाँडफाँड गर्दा ठुला योजनालाई प्राथमिकीकरण गरेको देखिएन । वडास्तरिय र गाउँस्तरिय योजना ५ लाख घटिका समेत रहेका छन । वडामा साना योजना वनाई रकमको वर्गिकरण तथा वितरण र सोको कार्य सम्पादन गर्न कठिनाई हुन जाने देखिँदा ठुला पूर्वाधारजन्य योजना छनौट गरिनू आवश्यक देखिन्छ । | |
| ११ | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा गाउँपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १२ | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा बिबाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउँने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउँन बाकी र यो बर्ष थप भएको तथा फछ्र्यौट भई बाँकी मुद्दाको बिबरण माग गरेकोमा पेश भएन । न्याय सम्पादन प्रक्रियाको अभिलेख राखि ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउँनुपर्दछ । | |
| १३ | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधमा सङघिय चालुमा रु २,३१,६५५ र गा पा चालुमा रु ३१,१९,०२२ गरी कुल बिबिधमा मात्र रु ३३,५०,६७७ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४ | **अनुगमन तथा सुपरिवेक्षणः** स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिम योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजनासमेत तयार गर्नुपर्ने र पालिकाबाट संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले योजनाबद्ध रुपमा संचालित योजना अनुगमन तथा सुपरिवेक्षण कार्यान्वयन गरेको देखिएन । केहि योजनामा अध्यक्ष र उपाध्यक्ष तथा सम्बन्धित वार्ड अध्यक्ष र सदस्यले अनुगमन गरेको भएपनि , अधिकांश योजना कर्मचारी ,प्राविधिकले मात्र अनुगमन गरेको देखिएको छ । प्रस्तुत अनुमगन प्रतिवेदनमा आर्थिक अवस्था र काम सम्पन्न भएको व्यहोरा उल्लेख गर्ने गरेको छ । काम नभएका र सुधार गर्नुपर्ने व्यहोरा उल्लेख गर्ने गरेको देखिएन । यसरी योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्य ऐनले निर्दिष्ट गरेबमोजिम जिम्मेवार पदाधिकारीबाट नगराउँदा र प्राविधिक पक्षको कमि कमजोरी नऔंल्याउँदा साधनस्रोतको अधिकत्तम उपयोग, सेवा प्रवाह तथा कामको गुणस्तर प्रभावकारी हुन | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | नसक्ने तर्फ जिम्मेवार पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १५ | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | गा.पा पुजिगत | १०२३६० | २९६७ | २७८२२ | ७१५७१ | ४९५७८ |
| २ | सङघीय पुँजिगत | २५७० | ० | ० | २५७० | २५७० |
| ३ | सडक बोर्ड | ९६१ | ० | ९६१ | ० | ० |
| | कूल खर्चः | १०५८९१ | २९६७ | २८७८३ | ७४१४१ | ५२१४८ |
| | खर्च प्रतिशत | १०० | २ | २७ | ७१ | ४९ |

| | | |
|---|---|---|
| १६ | **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ६१९५००० | ४०८७१९५ | ६५।९७ |
| सामाजिक क्षेत्र | २५४५८३००० | २२६०६१८९६ | ८८।८० |
| पूर्वाधार विकास क्षेत्र | २५४५३२७१५ | ८५९३९२७६ | ३३।७६ |
| वातावरण तथा विपद् व्यवस्थापन | ० | ० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ० | ० | ० |
| वित्तिय व्यवस्थापन र सुशासन | २४२७००० | २२३७७०० | ९२।२० |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७२३६२७०७ | ४६२६५८९६ | ६३।९४ |
| **जम्मा** | | | |

| | | |
|---|---|---|
| | उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः | |
| १७ | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४१९८४९४ राजस्व बाँडफाँड रु ४८४१७५७३र अनुदानबाट रु२३०६८४०००समेत रु २८३३०००६७ आम्दानी भएकोमा चालु तर्फ रु ५७०९९११२ र पूँजिगत तर्फ रु१००८६०४८० समेत रु१५७९५९५९२खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.६५प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु १२२१००० खर्च भएको छ जुन आन्तरिक आयको २९.०८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट २० .१५प्रतिशत चालु र ३५.६०.प्रतिशतमात्र पूँजि निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको | |

| | | |
|---|---|---|
| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
| | रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १८ | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण नगरी कार्यालय सहयोगी,ओभरसियर,सहायक कम्प्युटर अप्रेटर,ईन्जिनियर,सव ईन्जिनियर,पदमा २ जना कर्मचारीहरु करारमा राखी रु ७२१५०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद र सो वाहेकको अ. न. मी, ल्याव असिस्टेन्ट,सव इन्जिनियर पदमा ज्यालादारीमा २ सवरी चालक राखी बर्षभरीमा रु ४ लाख १५ हजार भुक्तानी गरेकोले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्वीकृत दरबन्दीको आधारमा तलव भत्ता खर्च लेख्नु पर्दछ । | |
| १९ | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानुनको ब्यबस्था अनुसार कल्याण कोषको ब्यबस्था गरी उक्त कोषमा मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| २० | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष चौथो गाउँ सभाको निर्णयले १७ जना कर्मचारीलाइ १महिनाको २५ प्रतिशतका दरले प्रोत्साहन भत्ता रु १०१६१८१ खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १०१६१८१ |
| २१ | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्नेमा हाल सम्म आन्तरिक लेखापरिक्षण शाखा समेत गठन गरेको देखिएन।पालिकाले अन्तर सरकारी अनुदान तर्फको मात्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गराई प्रतिवेदन पेश गरेको छ । वित्तिय समानिकरण ,राजश्व बाँडफाँड लगायत सबै कारोवारको चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण नगरेको कारण आन्तरिक नियन्त्रण कमजोरहुने र श्रेस्तामा रहेको कमी कमजोरी समयमै सुधार गर्न नसकिने भई अन्तिम लेखापरीक्षणलाई समेत समय र लागत बढी लाग्न जाने हुन्छ । तसर्थ कानुनमा तोकिए बमोजिम कर्मचारी ब्यबस्थापन गरी आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २२ | **एउटामात्र सुविधा पाउने** -प्रदेश नं २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित वा मनोनयन भएमा निवृत्तभरण वा यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । पदाधिकारीहरुबाट यस प्रकारको सुविधा लिए नलिएको स्वघोषणा संलग्न गरेको पाईएन। यस बर्ष पदाधिकारीलाइ असोज सम्म ३ महिनाको रु १२२१००० पारिश्रमिक खर्च भुक्तानी गरेको छ । | |
| | • **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| २३ | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु | २५५३६००० |

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ११३५१९००० | ९११७८००० | २२३४०००० |
| | विषेश | ० | ० | ० |
| | समपुरक | ० | ० | ० |
| | अन्य | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | ५०००००० | ३३६८००० | १६३१००० |
| | विषेश | २०००००० | १९३४००० | ६५००० |
| | समपुरक | ३०००००० | १५००००० | १५००००० |
| | अन्य | ० | ० | ० |
| | **जम्मा** | **१२३५१९०००** | **९७९८००००** | **२५५३६०००** |

| | | |
|---|---|---|
| २४ | प्रदेश सरकारबाट समपुरक अनुदान बापत प्राप्त रु ३० लाखमा पालिकाले रु १५००००० खर्च लेखेकोमा समपुरक योजनामा खर्च नभइ कोभिडमा ट्रान्सफर गरी खर्च देखाएकोले तोकिएको योजनामा खर्च नभएको उक्त रकम प्रदेश सन्चित कोषमा फिर्ता गर्नुपर्ने रु | १५००००० |
| २५ | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले यस बर्ष कृषि, पशु, अनुदानमा गहुको बिउ, घास र तरकारीको बिउमा रु ८७९९१४ खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २६ | **समानिकरणबाट अनुदान** (गो भौ १६८पुँजिगत मिति २०७७।३।२८ः स्थानिय तहले अनुदान दिँदा अनुदान निती निर्धारण गरी स्पष्ट कार्ययोजनाको आधारमा आन्तरिक आयबाट खाम्ने भएमा मात्र अनुदान दिनु पर्नेमा भार्गव ऋषि बृद्दाश्रम जलेश्वरलाइ कार्ययोजना बेगर निबेदन मागको आधारमा समानिकरण अनुदानबाट रु २ लाख अनुदान दिएको देखियो । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्नेमा पालिकाबाट दिएको उक्त अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन र | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | रकमको पूर्ण सदुपयोग गराउनेगरी आन्तरिक आयबाट स्वीकृत निती अनुरुप मात्र दिनुपर्नेमा सोझै मागको आधारमा दिएको नियमित नदेखिएको रु | २००००० |
| २७ | **कर्मचारी र पदाधिकारी सोधभर्नाः** कार्यालयले आवश्यक सामाग्री सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्नु पर्नेमा निम्नानुसार कर्मचारीले खरिद गरी सोधभर्ना लिएको देखियो ।नियमानुसार खरिद नगरी सोधभर्ना गर्दा ब्याक्ति बिशेषलाइ फाइदा हुन गइ बास्तविक खर्च भएको हो होइन सोको एकिन र नियन्त्रण नगर्दा दुरुपयोग हुन जान्छ । यस्तो कार्य नियन्त्रण हुनु पर्ने तथा नमुना परिक्षण गर्दा देखिएको यस्तो खर्चलाइ नियमित मान्न नसकिएको रु | ३३४४७१ |

| गो.भा.नं | पदाधिकारी।कर्मचारी | खर्च विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ३५३-०७७।३।२५ | कौशलेन्द्र कु. कर्ण | मर्मत | १०४२० | मर्मतको विल |
| ३६३-०७७।३।२६ | अजय राम | मर्मत | १०४४५ | मर्मतको विल |
| ३८८-०७७।३।२७ | सेराजुलद्दीन अंसारी | मर्मत | १८००० | मर्मतको विल |
| ३९४-०७७।३।२७ | अजय यादव | ईन्धन | ३११४८ | खरिद विल, लगबुक |
| ३९५-०७७।३।२७ | अजय यादव | सवारी मर्मत | २३०३३ | खरिद विल, लगबुक |
| ३९७-०७७।३।२७ | राम गोपाल मुखिया | ईन्धन | ३१२९८ | खरिद विल, लगबुक |
| ४०३-०७७।३।३० | शिवेन्द्र ठाकुर | ईन्धन | ३१००० | खरिद विल, लगबुक |
| ४०८-०७७।३।३० | सुमित्रा देवी दास | ईन्धन | ३०००० | खरिद विल, लगबुक |
| ४०९-०७७।३।३० | श्रेहिया देवी पासवान | ईन्धन | ३०००० | खरिद विल, लगबुक |
| ४१०-०७७।३।३० | जिवछ प्रसाद यादव | ईन्धन | १९००२ | खरिद विल, लगबुक |
| ४२०-०७७।३।३० | काशी मंडल | गाड पाइप | १५००० | खरिद विल, लगबुक |
| ४२४-०७७।३।३० | सुमन्त कुमार राय | मर्मत | २२००० | खरिद विल, लगबुक |
| ४४०-०७७।३।३० | रेहान रेजा अंसारी | मर्मत | ८१२५ | खरिद विल, लगबुक |
| ४४४-०७७।३।३० | सुमन्त कुमार राय० | मर्मत | ३१००० | खरिद विल, लगबुक |
| ४६१-०७७।३।३१ | श्यामदेव महासेठ | मर्मत | २४००० | खरिद विल, लगबुक |
| | जम्मा | | ३३४४७१ | |

| | | |
|---|---|---|
| २८ | **प्राविधिक मूल्याँकनः** कार्यालयले निर्माण तथा खरिद गरिएका निर्माण सामाग्रीको कार्य मूल्याँकन सहितको प्रमाण कागजात संलग्न गर्नु पर्नेमा खरिद गरी दाखिला प्राप्त गरेको आधारमा निम्नानुसार खर्च लेखेको प्राविधिक मूल्याँकन तथा दाखिला प्रमाण पेश हुन पर्ने रु. | ८०६१२३० |

| भौ.न | आपूर्तक | जिन्सी सामान | खर्च | कैफियत |
|---|---|---|---|---|
| ६२पुजिगत | राज इन्टरप्राइजेज | स्टिल कटिङ होस्टिङ एन्ड फिक्सिङ २८९३ के जि | | १२२ सेट डेस्क बेन्च बिद्यालयमा जडान भएको |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | १९ एम एम वाटरपुर्फ प्लाइउड ११० स्क्वार मिटर | ९६०९३३ | प्रमाण र जिन्सी दाखिला |
<tr><td>६०</td><td>आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ३६ मा सरकारी रकम वार्षिक वजेट तथा कार्यक्रम अनुसार उपलव्धी प्राप्त हुने गरी खर्च गर्नुपर्ने र खप्ने मालसामान म.ले.प.फा.नं.४७ खर्च नहुने जिन्सी खातामा आम्दानी वांध्नु पर्ने उल्लेख छ । स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रदेश नं.२ का स्थानीय तहको पदाधिकारी र सदस्यहरुको सुविधा सम्वन्धि ऐन, २०७५ मा पालिकामा पदाधिकारी, सदस्य र कर्मचारीलाई मोवाइल सेट खरिद गरी दिन मिल्ने व्यवस्था नभएकोमा निम्नानुसार मोवाइलसेट खरिद गरी म.ले.प.फा.नं.५२ खर्च भएर जाने जिन्सी खातामा चढाई पदाधिकारी र कर्मचारीलाई उपलव्ध गराइ रु.७७५७६१खर्च लेखेको देखियो । मोवाइल सेट खरिद गरी दिन मिल्ने आधार पेश नभएको र सहायक जिन्सी खाता नराखी खर्च भएर जाने खातामा चढाई खर्च लेखेकोले उक्त जिन्सी खप्ने जिन्सी खातामा</td><td>७७५७६१</td></tr>
</table>

**लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु**

सार्नुपर्ने तथा बढि ब्ययभार पारेको रु.

| गो.भा.नं | विवरण | रकम |
|---|---|---|
| ४२-०७७।१।१३ | उत्कर्ष ट्रेडर्स, A5 mobile samsung-1 | २५०८६ |
| ४७-०७७।२।५ | साह जेनरल स्टोर, MI mobile- 1 | १५००० |
| ४७-०७७।२।५ | स्मार्ट मिडिया, samsung 705-1 | ४४००० |
| ९३-०७७।३।१४ | न्यूटेरिक सप्लायर्स, mobile Redmin 8( 4Gb/64 Gb) Mobile Redmin note 8 pro (6GBRAM/28 GB) | २३३९१० |
| ९५-०७७।३।१५ | उत्कर्ष ट्रेडर्स,Dell laptop i5 ( 8GB RAM) -2 | १७०००० |
| १७४-०७७।३।२० | बालकृष्ण झा, samsung mobile-1 | २७३०० |
| १७८-०७७।३।३० | आलोक ई.सप्लायर्स। Redmin 8 mobile-1 | २६५५५ |
| ९३-०७७।३।१४ | न्यूटेरिक सप्लायर्स, Redmin 8 mobile-1 Redmin 8 note 8 pro 64 GB mobile-1 | २३३९१० |
| | जम्मा | ७७५७६१ |

**गाउँपालिका चालु**

६१ **जिन्सी अभिलेखः** आर्थिक कार्यविधि नियमाबली, २०६४ को नियम ४७ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको साविक गा.वि.स. र बिषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी पालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख एकीकृत नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, यस्ता प्रकृतिका सामान कुनै व्यक्ति वा बिषयगत शाखालाई प्रयोग गर्न दिएकोमा सहायक जिन्सी खाता तयार गरी सामान कसको जिम्मा रहेको छ भन्ने अभिलेख राखेको देखिएन । ।नियम ५१ मा नियम बमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानीनोक्सानी नहुनेगरी संरक्षण गर्ने र तिनिहरुको राम्रो सम्भार गरी वा चालु अबस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालयप्रमुखको हुने ब्यबस्था छ । ।लेखापरिक्षणको लागी पेश भएको जिन्सी खाता म.ले.प. फारम नं.४७ र ५२ शाखा प्रमुख कार्यालय प्रमुख कसैबाट पनि प्रमाणित नभएको, मालसामानको स्पेशिफिकेशन नखुलाएको,जोडजम्मा नगरेको,वडामा हस्तान्तरण गरेका सामान मौज्दातबाट घटाएको, जिन्सी मौज्दातको बार्षिक बिबरण तयार नगरेको , जिन्सी निरिक्षण गरि गराइ प्रतिबेदन तयार नगरेको , जिन्सी दाखिला गर्दा दाखिला प्रतिबेदन नम्बर र निकासी हुदा निकासी नम्बर नराखेको ,मागफाराम ब्यबस्थित नरहेको,खर्च भएर जाने सामान आम्दानी गरेकोमा मागफाराम अनुसार खर्च र मौज्दात नजनाइ आम्दानि मात्र जनाएको ति मध्ये बाँकी आ ब २०७७।७८ मा जिम्मेवारी सारेको समेत नदेखिएको ।पालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामान को जिन्सी दाखिला नगरेको कारण पालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्ने आधार भएन । पालिकाको स्वामित्वमा रहेको भवन , जग्गा , सवारी साधन , कम्पयूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान हिनामिना ,दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अम्दानी र खर्च सम्बन्धमा कार्यालयबाट आबस्यक छानबिन गरी बिगत देखिको जिन्सी अभिलेख अध्यावधिक गरी पेश गर्नु पर्दछ । ६३२८४७
लेखापरिक्षणमा नमुना परिक्षण गर्दा निम्नानुसारका जिन्सी दाखिला भएको नदेखिएको रु

| गो.भा.नं. | सामानहरुको नाम | सप्सायर्स | परिमाण | रकम |
|---|---|---|---|---|

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ९-०७६।९।२९ | स्टिल दराज २थान<br>स्टिल टेबुल सिंगल २ थान<br>स्टिल डबल १ थान<br>पलङ्ग २ थान | अब्दुल इन्टरप्राइजेजबाट खरिद ६१०७७६१३३ | ७ | १८२२६९ |
| २३-०७६।११।२९ | रिभलविङ्ग चेयर १ थान<br>अफिस टेबुल १ थान | जलेश्वर ट्रेडर्स ३०३८४७८०९ | २ | ३६७२५ |
| ३८-०७७।१।१२ | स्टयाण्ड पंखा १ थान<br>सिलिङ्ग पंखा १ थान | गणपति ट्रेडिङ्ग एण्ड जेनरल सप्लायर्स | २ | १०४५३ |
| ४०-०७७।१।१३ | अफिस स्टिल टेबुल २ थान<br>अफिस स्टिल दराज २ थान<br>रिभलविङ्ग चेयर १ थान | शिव इन्टरप्राइजेज | ५ | ९४३५५ |
| ४१-०७७।१।२१ | सामसुङग ए ५० मोबाइल | उत्कर्ष ट्रेडर्स | १ | २५०८६ |
| ४९-०७७।२।५ | रिभलविङ्ग चेयर | एम आर आर ट्रेडर्स | १ | १६३८५ |
| १०८-०७६।११।१२ | पि भि सि पाइप १६<br>स्टिल जाली २०<br>पि भि सि टेप सकेट एल्भो | बिकास ट्रेडर्स | ९० | ३३७८७ |
| १७३-०७७।१।१६ | कार्यालय सामाग्री | श्यामदेव महासेठलाइ सोधभर्ना | | २००००० |
| | जम्मा | | | ६३२८४७ |

६२ **मौजुदा सूची तयारः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा (६) दफा ४१ को उपदफा (१) को खण्ड (क) र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १०(२) बमोजिमको योग्यताको आधारमा छुट्टाछुट्टै सूची तयार गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले त्यसरी मौजुदा सूची तयार गरेको छैन । यसले गर्दा कार्य विशिष्टीकरणको आधारमा खरिद प्रक्रिया नहुने तथा उपयुक्त योग्यता र क्षमता नभएकाबाट समेत सेवा प्राप्त गर्दा गुणस्तरीय सेवा प्रवाह नहुने देखिन्छ । तसर्थ कानूनको पालनामा कार्यालयले ध्यान दिनु पर्दछ ।

६३ कार्यालय समय बैठक भत्ता ः— प्रदेश खर्च मापदण्ड निर्देशिका बमोजिम कार्यालय समयमा बसेको बैठक भत्ता, एउटै निकाय र अन्नतगतका पदाधिकारी-कर्मचारी मात्र बस्ने बैठकमा भत्ता भूक्तानी गर्न नपाइने व्यवस्था भएकोमा पालिकाले निम्नानुसार कार्यालयमा मात्र कर्मचारी-पदाधिकारी सहभागी बैठक र कार्यालय समायमा वोलपत्र, सिलबन्दी दरभाउपत्र खोलेको बैठक भत्ता असुल हुनु पर्ने रु. १३८०००

| गो भौ र मिति | बोलपत्र खोलेको मिति | सहभागी सङख्या | भुक्तानी |
|---|---|---|---|
| ५१-०७६/९/२४ | दररेट समितिको बैठक भत्ता | २० | २०००० |
| ९४-०७६/१०/२१ | | २४ | २४००० |
| ४७९-०७७/३/३१ | ०७७/३/१९ | ३० | ३०००० |
| ४७९-०७७/३/३१ | ०७७/३/७ | २१ | २१००० |
| ४७९-०७७/३/३१ | ०७७/३/१ | १६ | १६००० |
| ४७९-०७७/३/३१ | ०७७/३/१९ | २७ | २७००० |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | जम्मा १३८००० | |
| ६४ | बिल भर्पाइ पेश नभएको आर्थिक कार्यबिधी नियमावली २०६४ को नियम ३६ मा बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने ब्यबस्था छ ।पालिकाले निम्नानुसारको खर्चमा आबस्यक बिल भर्पाइ नराखि खर्च लेखेको देखियो । | |
| ६४.१ | ११७-०७७/९/१५ शिबशंकर झाको नामको २०७६।७७।को पेश्की फछ्र्यौट २०७७।७८ मा गर्दा नमुना बालबिकास केन्द्र ब्यबस्थापनका लागी खरीद गरेका एल इ डि स्मार्ट टि भि १ ट्रली स्पिकर साउन्ड बक्स १ कार्पेट ३० मि फोम ५१मि रैक ४ थान टेबुल ६थान स्टयान्ड ६ थान सम्बन्धित बिद्यालयको खप्ने जिन्सी खातामा आम्दानी गरेको प्रमाण पेश नभएको रु | १७५८५७ |
| ६४.२ | ७२-०७६/१०/९ राज इन्टरप्राइजेज र राधा स मिलबाट ५०-५०क्विन्टल चिरान दाउरा ल्याइ रु १७०००० भुक्तानी गरेकोमा बितरणको भरपाइ नभएको रु | १७०००० |
| ६४.३ | ११५-०७६/११/२१ मिलन जेनरल अर्डर सप्लायर्सबाट जेष्ठ नागरीकका लागी कम्बल ३४० थान खरिद गरी रु ४०६८६७ भुक्तानी गरेकोमा बितरणको भरपाइ नभएकोरु | ४०६८६७ |
| ६४.४ | १०४-०७६/११/४ सिटी ट्रेड कन्सर्नबाट टयाकसुट ४५ फाइल ब्याग ४५थान खरीद गरी रु ४७८७५२ भुक्तानी गरेकोमा जिन्सी दाखिला र बितरणको भरपाइ नभएको रु | ४७८७५२ |
| ६४.५ | २९५-०७७/३/१७ गुप्ता फलफूल नर्सरीबाट आँप अम्रपाली ६००, लिची २००, अनार १००, कागती १८० को प्याकिङ्ग र ढुवानी समेतको २०७६।३।१७ को खरिद विल र गत वर्ष २०७५।७६ को शसर्त तर्फको विरुवा वितरण कार्यक्रमको फोटो कपी भरपाई राखी गुप्ता फलफूल नर्सरीलाई रु.१५१९७०। भुक्तानी गरेकोले गत वर्ष भुक्तानी नभएको प्रमाण र सक्कल वितरण भरपाई पेश हुनु पर्ने रु. | १५१९७० |
| ६४.६ | ८९-०७६/१०/१८ अन्तवार्ता तथा बैठक भत्ताका लागि शिवेन्द्र ठाकुरलाई रु ५२०००। भुक्तानी गरेकोमा उपस्थिती हाजिर र बितरणको भरपाई पेश नभएको रु. | ५२००० |
| ६४.७ | २३८-०७७/२/२८ प्रत्येक वडामा जाडोमा दाउरा वितरण गर्नका लागी डिभिजन वन कार्यालय महोंत्तरीबाट ६ चट्टा दाउरा रु.९००००। मा खरिद गरी लोड, अनलोड ढुवानी समेतको शिवशंकर झालाई रु.२११०००। भुक्तानी गरेकोमा ढुवानीको रु.१०९०००। मा आयकर ऐन २०५८ वमोजिम १० प्रतिशत कर कट्टी गर्नुपर्नेमा रु.२१३०। मात्र कट्टी गरेकोले घटी कर रु.८७७०। असुल गरी दाखिला गर्नुपर्ने तथा उक्त दाउराको वितरणको भरपाई पेश हुनुपर्ने रु. | २११००० |
| ६५ | ८५-०७६/१०/१४ मा माउण्ट एभरेष्ट ईन्जिनियरिङ्ग कन्सल्टेन्सी ६०३०६८४२७ लाई औक्सी सिंचाइ योजना २ को डि.पि.आर तयार गर्न गत बर्ष २०७६।२।३ मा रु ४८३३०३।को कार्यदेश भएकोमा कार्यालयले यो वर्ष रु.४९७४२१। भुक्तानी गरेकोले सम्झौता भन्दा बढी भुक्तानी रु.१३०१८ असुल गर्नु पर्ने रु. | १३०१८ |
| ६५.१ | ८५-०७६/१०/१४ १३ कि.मि. लम्बाई भएको औक्सी सिंचाई योजनाको प्रति कि.मि. प्रतिवेदन तयारी वापत रु.५०००। ले रु.६५०००।परामर्शदाताको प्रश्ताब अनुसार भुक्तानी गरेकोले एउटा आयोजनाको प्रतिवेदन १ थान हुने र कि.मि. अनुसार प्रतिवेदन वापतको रकम समावेश गर्ने नर्म्स र आधार नभएकोले उक्त बढी रकम असुल हुनु पर्ने रु. | ६७८०० |
| ६६ | ८६-०७६/१०/१४ गाउँपालिकामा प्राविधिक पद रिक्त रहेकोले संचालनमा रहेको योजनाहरुको लागत इष्टिमेन्ट अनुसारको निर्माण सुपरिवेक्षण गर्न तथा मर्मत संभार योजनाको लागत इष्टीमेट तयार गर्न सुपरभाइजर पदमा विष्णु देव ठाकुरलाई २०७६।७।४ को गाउँ सभा तथा २०७६।८।२३ को कार्यपालिकाको निर्णय अनुसार २०७६ श्रावण १ देखि २०७६ पौष मसान्त सम्म मासिक रु.२००००। का दरले रु.१२००००। राजश्व बाँडफाँड परामर्श सेवाबाट भुक्तानी गरेकोले नियमित रुपमा गर्नु पर्ने | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | कार्यलाई थप पारीश्रमिक भत्ता तोकी भुक्तानी दिने आधार पेश गरेको छैन । थप भत्ता भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्नेमा १ प्रतिशत मात्र कट्टा गरेकोले नपुग कर रु.१६८००। असुल तथा उक्त खर्च नियमसंवत् नदेखिएको रु. | १२०००० |
| ६७ | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागको च न ९२ मिति २०७४।५।५ को पत्रबाट ग्रामिण खानेपानी तथा सरसफाई आयोजनाको अस्थायी दरवन्दीमा कार्यरत खा.पा.स.टे. शुरेश कुमार रायलाई दरबन्दी सहित जिल्ला प्राविधिक कार्यालय महोत्तरीमा कामकाज गर्न खटाएकोमा जि. प्राविधिक कार्यालय महोत्तरीको च न ४७ मिति २०७४।७।१२ को पत्रबाट निजलाई स्थानीय तह शासन संचालन सम्बन्धी आदेश २०७४ को दफा २८ अनुसार स्थानीय तहमा कर्मचारी समायोजन नहुन्जेल सम्मका लागि काजमा खटाएकोमा पालिकामा समायोजन नगरी यसबर्ष तलबमा रु २९२३४४ खर्च लेखेको नियमित<br>नदेखिएको रु. | २९२३४४ |
| ६८ | **२११-०७७।२।११ कानूनी सेवा परामर्शः** कार्यालयका अध्यक्षलाई विपक्षी वनाई जिल्ला अदालतमा राम शिषराय यादवले दर्ता गरेको मुद्दा र रामबाबु महासेठ विपक्षी बनाई दर्ता गरेको मुद्दा गरी २ वटा मुद्दाको छलफल र वहस वापत् रु.१५०००। लिखित जवाफ रु.२००००। वहस अन्तिमको रु.२००००।र कम्प्युटर अन्य खर्च वापत रु.१००००। गरी एक मुद्दाको रु.६५०००। का दरले पारीश्रमिक दिने गरी प्रमाणपत्र नम्बर ७४५३ का अधिवक्ता सुनिल पंकज कर्णसंग मुद्दा छिनोफानो नहुन्जेल सम्मका लागी २०७६।३।३१ मा संझौता गरी २ मुद्दाको रु.१३००००। भुक्तानी गरेको छ । गाउँपालिकाले २०७६।४।१४ को निर्णयले च.नं४९ मिति २०७६।४।१४ को पत्रबाट कार्यालयको तर्फबाट अदालत सम्बन्धी सम्पूर्ण कानूनी प्रकृया अवलम्बन गर्नका लागि शिक्षा संयोजक शिवशंकर झालाई अख्तियारी दिएको देखिन्छ । संलग्न कागजात अनुसार रामशिष राय यादवको मुद्दामा शिवशंकर झाले र रामबाबु महासेठको मुद्दामा कार्यालयका लेखापाल बालकृष्ण झाले लिखित जवाफ प्रस्तुत गरेको देखियो । जिल्ला अदालतको २०७६।३।१ को आदेश पर्चाबाट रामबाबु महासेठको मुद्दाको छलफल गर्न २०७६।३।१३ गते उपस्थित हुने र सो अवधी सम्मका लागि निर्माण कार्य नगर्नु नगराउनु भन्ने आदेश जारी भएको देखिन्छ । यसरी संझौता भएका कानून व्यवसायीको कुनै संलग्नता नहुँदा संझौताको आधारमा मात्र विजक वेगर भुक्तानी दिएको असुल हुनु पर्ने रु. | १३०००० |
| ६९ | २२६-०७७/२/१९ — २०७६।११।२६ गतेको प्र.अ. वैठकमा उपस्थित १५ जना प्र.अ. र ७ जना कर्मचारीको बैठक भत्ता रु.२२०००।, झोला खरिद रु.५५०८८।, स्टेशनरी रु.४४००। र खाजा रु.१००००। गरी जम्मा रु.९१४८८। को विल भरपाई संलग्न गरी शिवशंकर झा लाई रु.११३४९५। भुक्तानी गरेकोले बढी भुक्तानी रु.२२०००। असुल हुनु पर्ने रु. | २२००० |
| ७० | २६—०७६।८।९ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले सभा वा स्थानीय तहको कुनै समिति वा उप समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको अनुसूची १ बमोजिमको बैठक भत्ता वापतको रकम पाउने व्यवस्था छ । तर अनुसूची १ मा सभाको बैठक भत्ता तोकेको छैन । अनुसूचीमा रकम नतोकेको अवस्थामा मासिक सुविधा नपाउने सदस्यहरुलाई पनि गाउँ सभाको बैठकमा उपस्थीत भएको बैठक भत्ता दिन मिल्ने देखिदैन । पालिकाले गाउँ सभामा उपस्थित पदाधिकारीको बैठक भत्ता वापत रु.२१६०००। काशी कुमार मण्डललाई भुक्तानी दिएको छ । पेश भएको भरपाई अनुसार ६।६ दिनको दैनिक १०००। का दरले ३६ जनामा खर्च लेखेकोमा २ जना विजय साह र ताहीर कवारीको भरपाई नभएको रु.१२०००। तथा सि.नं३१ देखि३६ सम्म नाम उल्लेख नभएको ६ को रु.३६०००। समेत भुक्तानी दिएको देखियो । यसरी सुविधा सम्बन्धी ऐनले दिन नमिल्ने रकम भरपाई र नाम समेत उल्लेख नगरी ३६ जनाको रु.६०००। का दरले भुक्तानी दिएको देखिएकोले उक्त रकम कर | १८३६०० |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | बाहेक निजबाट असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | |
| ७१ | **वजेटतर्जुमा भत्ताः**गाउँ सभामा पेश हुने वार्षिक वजेट तर्जुमा गरेको प्रतिदिनरु.२०००। का दरले अध्यक्ष, उपाध्यक्ष र ४ जना कर्माचारीलाई १५।१५ दिनको भत्ता वापत रु.१८००००। भुक्तानी गरेको देखियो । वजेट तर्जुमामा खटिने पदाधिकारी कर्मचारीलाई पालिकाबाट खाजा वापतको विविध शिर्षकमा खर्च लेखेको र यस्तो भत्ता दिन मिल्न कानुनी आधार समेत नभएकोले उक्त रकम बाहेक असुल हुनु पर्ने रु. | १५३००० |
| ७२ | ४५–०७६।९।१८ आर्थिक वर्ष २०७५।७६ को यूनिसेफ तर्फको शशर्त कार्यक्रम वातावरणीय सरसफाइका लागि विनियोजित रकम ११ लाख १४ हजारको कार्यक्रम संचालन गर्न द पब्लिक टुडेमा २०७५ फाल्गुन १४ गते प्रकाशित सूचना अनुसार ३ वटा गैर सरकारी संस्थाको प्रस्ताव मध्ये घटी प्रस्तावावाला रतौली युवा कल्वको रु.१११४०००। को प्रस्ताव स्वीकृत गरी कार्य सम्पन्न पश्चात यस वर्ष प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु.१११२०००। भुक्तानी गरेकोमा निम्नानुसार देखियो । | |
| ७२.१ | सार्वजनिक खरिद नियमावलीको दफा ९९ वमोजिम गैर सरकारी संस्थाबाट दश लाख रुपैया सम्मको काम गराउनका लागी त्यस्तो कामको आबस्यकता किसिम समयावधि कामको गुणस्तर जनशक्ति कार्य सन्चालन बिधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटमोटि अनुमान तयार गरी सुचिकृत गैर सरकारी सस्थाबाट प्रस्ताव गर्नु पर्ने तर १० लाख भन्दा बढि लागत अनुमान भएकोमा नियम ७२ बमोजिम मौजुदासुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राबिधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा माग गरी प्रस्तावदाता छनौट गर्नुपर्ने ब्यबस्था भएकोमा पालिकाले सो अनुसार नगरी कार्यक्रमको लागी विनियोजित वजेट रु ११ लाख १४ हजार उल्लेख गरेर पत्रीकामा आर्थिक प्रस्ताव आह्वान गरी घटी प्रस्तावावालाको बजेटको हाराहारी को रु १११२०००को स्वीकृत गरेको देखियो । कार्यालयले सम्पन्न गर्नु पर्ने क्रियाकलाप अनुसारको लागत अनुमान तयार गरी प्रस्ताव आह्वान गर्दा रकम उल्लेख नगरी कार्यालयको कामको आबस्यकता किसिम समयावधि कामको गुणस्तर जनशक्ति कार्य सन्चालन बिधिसहितको कार्यक्षेत्रगत शर्त टि ओ आर मात्र उल्लेखित गर्नु पर्दछ ।यसरी प्राबिधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा माग गर्नुपर्ने कामका लागी बजेट तोकेर आर्थिक प्रस्ताव मात्र माग्दा बास्तबिक प्रतिस्प्रधा नदेखिएकोले नियमितनदेखिएको रु | ७०२५७१ |
| ७२.२ | प्रस्तावदाताले प्रस्तावमा मानव जनशक्ति परिचालन तथा कार्यालय व्यवस्थापन वापत लमसम २ महिनाको रु.७९००० उल्लेख गरेकोमा पेश भएका विल भरपाई अनुसार उक्त कार्यक्रम असार महिनामा मात्र संचालन भएकोमा प्रस्तावकले कार्यक्रम संयोजकको पारीश्रमिक २०७६।२।१ देखि आषाढ ३१ सम्मको भरपाई राखि भुक्तानी लिएकोले कार्यक्रम संचालन भएको अवधी भन्दा अगाडिको संयोजक पारिश्रमिक भुक्तानी दिन नमिल्ने हुँदा बढी रकम असुल हुनु पर्ने रु. | २५००० |
| ७२.३ | **कर विजकः**मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली अनुसार दर्ता भएको करदाताले रितपूर्वकको कर विजक पेश गर्नु पर्नेमा रतौली यूवा क्लव करदर्ता नम्बर ३०१६२७२३२ गैर सरकारी संस्थाको रुपमा मिति२०७१।१।२४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको देखिएकोले उक्त संस्थाले मू.अ. कर उल्लेख नगरी प्रस्ताव पेश र भुक्तानी लिदा कर विजक पेश गरेको देखिएन । दर्ता भएको करदाताले रितपूर्वकको आम्दानी रु.१११२०००। आय विवरणमा समावेश गरेको प्रमाण पेश गर्नुपर्ने तथा उक्त भुक्तानी मू.अ.कर सहितको मानी हने मू.अ. कर रकम रु.१२७९२९। असुल गरी संघीय संचित कोषमा दाखिला प्रमाण पेश हुनु पर्ने रु. | १२७९२९ |
| ७२.४ | **प्रस्तावित दर तथा नर्म्स भन्दा बढी दरमा भुक्तानीः**आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं २ को खर्च मापदण्ड २०७५ मा जिल्ला भित्र दैनिक खानेवस्ने खर्च वापत प्रति व्यक्ति रु.७००। १ दिनको सहभागी खाजा रु.२००। रहेकोमा प्रस्तावदाताले गाउँपालिका स्तरीय १ दिनको तालिममा चिया नास्ता खाजा खाना वापत प्रति व्यक्ति रु.१५००। का दरले प्रस्ताव गरी भुक्तानी लिएकोले बढी भुक्तानी गरि रु.६००।ले ४५ जनाको रु.२७०००। ब्ययभार पारेको रु. | २७००० |

<table>
<tr><th></th><th>लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु</th><th></th></tr>
<tr><td>७२.५</td><td>खर्च मापदण्ड निर्देशिकामा कक्षागत व्यवस्थामा प्रति कक्षा कार्यपत्र समेत रु.१२००। व्यवस्था भएकोमा प्रस्तावदाताले प्रशिक्षण वापत वडास्तरीयमा रु.२०००। र गा.पा.स्तरीयमा रु.१००००। प्रस्ताव गरी ५ जनालाई दैनिक ५०००। का दरले ७.५ दिनको रु.३७५००। र २५ कक्षाको रु.३०००। का दरले भुक्तानी माग गरी भुक्तानी लिएको देखिएकोले नर्म्स भन्दा बढी भुक्तानी गरि रु.७३५००। ब्ययभारपारेको रु.</td><td>७३५००</td></tr>
<tr><td>७२.६</td><td>.खर्च मापदण्ड निर्देशिकामा यातायात खर्च वापत् प्रति व्यक्ति प्रति दिन रु.१००। व्यवस्था भएकोमा प्रस्तावकले वडास्तरीय र विद्यालयस्तरीय तालिममा ३०० जनाको रु.५००। का दरले र गा.पा. स्तरीयमा ४० जनाको रु.१०००। का दरले प्रस्ताव गरी भुक्तानी लिएकोले नर्म्स भन्दा बढी दर क्रमश ४००। र ९००। का दरले बढी भुक्तानी गरी रु.१५६०००। ब्ययभारपारेको रु.</td><td>१५६०००</td></tr>
<tr><td>७३</td><td>३९—०७६।९।२ गत वर्ष २०७५।७६ को जेष्ठ र अषाढ महिनाको सावधिक जिवन विमा रु.३९२००। ना.ल.कोष रु.१५५३४। सामाजिक सुरक्षा रु.१३५०९।७० रा.वा.बैंक जलेश्वरमा सम्बन्धित खातामा दाखिला गर्न खर्च लेखेकोमा बैंकले बुझेको भरपाई नभएको रु.</td><td>६८२४३</td></tr>
<tr><td>७४</td><td>५०—०७६।९।२४ गाउँपालिकामा जाडोको समयमा दाउरा उपलब्ध गराउन दाउरा खरिदको लागि शिक्षा संयोजक शिवशंकर झालाई पेश्की रु.१५००००। दिएकोमा बैंक नगदी किताबमा पेश्की नजनाई खर्च जनाएकोले विल भरपाई पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१५००००</td></tr>
<tr><td>७५</td><td>गत वर्षको भुक्तानीः गो.भा.नं १८०-०७७/३/३० पूँजिगत र चालु गो.भा. ६८ मिति ०७६।१०।७ राम मंदिर तथा ब्रम्हस्थान जिर्णोद्धार समितिलाई रु.५५९३४६। को भुक्तानी गर्दा गत वर्ष ०७५।७६ मा स्थानीय पूर्वाधार विकास साझेदार कार्यक्रम अर्न्तगत संसदीय विकास कार्यक्रमको कार्य मूल्यांकन रु.७२०२७०। संलग्न गरेको देखियो । गत वर्ष नै भुक्तानी नभई फ्रिज हुने योजनाको यस वर्ष भुक्तानी दिन बाँकीको प्रमाणित कागजात वेगर कार्यपालिकाको निर्णयले भुक्तानी दिएको अनियमित देखिएको रु.</td><td>५५९३४६</td></tr>
<tr><td>७६</td><td>गत वर्षको जनसहभागीताको रकम भुक्तानीः गाउँपालिकाले निम्नानुसारका उपभोक्ता समितिको श्रमदान वापत जम्मा गरेको रकम यस वर्ष संचितकोषबाट फिर्ता गरेको देखियो ।
<table>
<tr><th>गो.भा.नं</th><th>उ.स.को नाम</th><th>फिर्ता रकम</th></tr>
<tr><td>११-०७६/७/२६</td><td>भटौलिया पूर्वारी टोलको काब्रिस्थान कम्पाउण्डवाल नि.उ.स.-३</td><td>१०००००</td></tr>
<tr><td>८-०७६/७/२५</td><td>रामलाल पाण्डे प्रदेश सरकार शशर्त अनुदानको भैटव स्थान कम्पाउण्डवाल निर्माण</td><td>२६६६७७</td></tr>
<tr><td>९-०७६/७/२६</td><td>ब्रम्हस्थान कम्पाउण्ड वाल र गेट तथा मण्डप निर्माण</td><td>२५००००</td></tr>
<tr><td>१२-०७६/७/२६</td><td>प्रा.वि.विद्यालय देखि दक्षिणवारी पटी पि.सि.सि. ढलान उ.स.</td><td>८१५३२</td></tr>
<tr><td>२५-०७६/८/९</td><td>मदर्सा कम्पाउण्ड माटो पूर्ने कार्य</td><td>४५०००</td></tr>
<tr><td>३०-०७६/८/१८</td><td>सडक मर्मत ग्राभेल उ स-२</td><td>१६००००</td></tr>
<tr><td>४८-०७६/९/२४</td><td>औक्सी सि.यो.उ.स.-१</td><td>४५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७</td><td>आर्थिक सहायता तथा कार्यक्रमगत सहयोगःस्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा पालिकालाई तोकिएको अधिकारमा आर्थिक सहायता तथा कार्यत्रमगत सहयोग दिन मिल्ने व्यवस्था भएको देखिदैन । पालिकाले निम्नानुसार कार्यक्रमगत सहायतामा रु ९१३८२५खर्च गरेको देखियो । खर्चको लागत र प्रस्ताव अनुसारको पुरै खर्चको विल वेगर भुक्तानी गर्दा भुक्तानी रकमको दुरुपयोग हुने वास्तविक कार्यक्रममा खर्च नभई व्यक्ति विशेषलाई फाइदा पुग्ने र भुक्तानी रकम वास्तविक खर्च हो भनी यकिन गर्न सक्ने अवस्था रहेन । पालिकाले यस्तो आर्थिक सहायताको रुपमा कार्यक्रमगत सहयोग उपलब्ध</td><td></td></tr>
</table>

<table>
<tr><th></th><th>लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु</th><th></th></tr>
<tr><td></td><td>गराएको नियमित नदेखिएको रु.
<table>
<tr><th>गो.भा.नं</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउने</th><th>रकम</th><th>कौफियत</th></tr>
<tr><td>२९-०७६/८/१८</td><td>गा.पा.स्तरीय क्रिकेट टुनामेन्ट प्रतियोगिता</td><td>माँ दुर्गा यूवा क्लब</td><td>२०००००</td><td>गत बर्षको पुरस्कार, पारिश्रमिक,रेफ्रि खर्च,खाजा रयातायात खर्चको विल भरपाई</td></tr>
<tr><td>८२-०७६/१०/१२</td><td>नवाज काममा दाल चामल खरिद</td><td>शिव शंकर झा</td><td>३०१००</td><td>तेल २५ लि.,दाल ५० के.जि .र ४० बोरा चामलको बिल</td></tr>
<tr><td>८४-०७६/१०/१३</td><td>सरस्वती पूजा वापत</td><td>१३ वटा विद्यालय</td><td>१३००००</td><td>बिलबेगर अनुदान</td></tr>
<tr><td>२७७-०७७।३।८</td><td>गोनखुरा टोलमा रामनाम जय कार्य</td><td>लक्ष्मी यादव</td><td>२००००</td><td>टेण्ट हाउसको विल</td></tr>
<tr><td>४१७-०७७।३।३०</td><td>महाशिवरात्री सामान</td><td>राम कपूर साह</td><td>३५०००</td><td>खरिद विल संलग्न</td></tr>
<tr><td>४७५-०७७।३।३१</td><td>परम्परागत वाजागाजा खरिद</td><td>गणपति ट्रेडिङ्ग एण्ड जनरल सप्लायर्स</td><td>४९८७२५</td><td>खरिद विल संलग्न</td></tr>
<tr><td></td><td></td><td></td><td>९१३८२५</td><td></td></tr>
</table></td><td>९१३८२५</td></tr>
<tr><td>७८</td><td>४६७-०७७/३/३१— २०७६।७।३ र ७।४ को तेश्रो गाउँ सभाको भत्ता वापत २४ जनालाई दैनिक रु.१०००। का दरले रु.३८०००। वितरण गर्न शिवेन्द्र ठाकुरलाई बुझाएकोमा अरुण कुमार यादव, लाल बहादुर ठाकुर र कौशलेन्द्र कुमार कर्णलाई रु.६०००। रकम बुझाएको भरपाई नभएको तथा गाउँ सभामा भत्ता भुक्तानी गर्ने आधार प्रमाण पेश नभएकोले असुल हुनु पर्ने कर बाहेक रु.</td><td>३२३००</td></tr>
<tr><td>७९</td><td>महिला स्वयम् सेविका भत्ताः ३६ जना महिला स्वयम् सेविका लाई प्रति महिना रु.१०००। का दरले हुने १२ महिनाको रु.४३२००। भुक्तानी गरेकोमा यस्तो खर्च शशर्तबाट हुने हुँदा समानीकरणबाट थप लिएको अनियमित तथा चेक नम्बर २१३४३३२३ बैंकले बुझेको नदेखिएको रु.</td><td>४३२००</td></tr>
<tr><td>८०</td><td>३६१-०७७/३/२६ जे.सि.वि. चालक अजय कुमार यादवलाई परामर्श सेवाबाट ०७६ श्रावण देखि आषाढ सम्मको डोर हाजिरी राखी पारीश्रमिक रु.१९८७५०। दिएको छ । जे.सि.वि बाट यस वर्ष के कति काम भयो सोको कार्य मूल्यांकन पेश नभएकोले बढी व्ययभार देखिएको रु.</td><td>१९८७५०</td></tr>
<tr><td>८१</td><td>३७४-०७७/३/२६ विद्युत र प्लम्विङ्गको कार्य गरेवापत दिपक घिमिरे, दिपेश घिमिरे र डिल्ली प्रसाद घिमिरेलाई परामर्श सेवाबाट रु.१४८५०। का दरले रु.४५०००। भुक्तानी गरेकोमा अग्रीम कर घटी कट्टी गरेको रु.६३००। असुल गरी दाखिला गर्नु पर्ने रु.</td><td>६३००</td></tr>
<tr><td>८२</td><td>४४८-०७७/३/३१ वंगाली मल्लिक डोमको निवेदन र वडा कार्यालय २ को सिफारीस अनुसार २ नम्बर वडामा स्वीपरको कार्य गरेवापत मासिक रु.१५००। का दरले श्रावण देखि आषाढ सम्मको रु.१८०००।माग गरेको निवेदन र सिफारिस संलग्न गरी भरपाई वेगर सरसफाई सेवा शुल्कबाट माग भन्दा बढि रु.९००००। खर्च लेखेको छ । वडामा मासिक १५००० का दरले प्रसाशनिक खर्च दिइ सकेपछि थप स्वीपरको ज्याला दिन मिल्ने आधार प्रमाण पुष्टयाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>९००००</td></tr>
<tr><td>८३</td><td>सभाका सदस्यहरुको भत्ताः गो.भा.नं ४७७-०७७।३।३१ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको अनुसूची-१ वमोजिमको बैठक भत्ता वापत पाउने व्यवस्था रहेतापनि अनुसूची १ मा बैठक भत्ता उल्लेख नभएको अवस्थामा सभाका सदस्यलाई कुनै</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु</td><td></td></tr>
<tr><td></td><td>समिति र कार्यक्रमको बैठकमा भत्ता दिन मिल्ने देखिदैन सो विपरीत निम्नानुसार पदाधिकारीलाई सहभागी र बैठक भत्ता उपलब्ध गराएकोले भुक्तानी रकम असुल हुनु पर्ने रु.
<table>
<tr><td>विवरण</td><td>पद</td><td>रकम</td></tr>
<tr><td>पोषण तथा सुरक्षा निर्देशक समितिको बैठक ०७७।३।७</td><td>अध्यक्ष, उपाध्यक्ष,<br>वडाध्यक्ष ६ जना, रु. १०००। दरले</td><td>८०००</td></tr>
<tr><td>पोषण तथा सुरक्षा निर्देशक समितिको बैठक ०७७।१०।९</td><td>अध्यक्ष, उपाध्यक्ष,<br>वडाध्यक्ष ६ जना, रु. १०००। दरले</td><td>८०००</td></tr>
<tr><td>पोषण तथा सुरक्षा निर्देशक समितिको बैठक ०७७।७।३</td><td>अध्यक्ष, उपाध्यक्ष,<br>वडाध्यक्ष ६ जना, रु. १०००। दरले</td><td>८०००</td></tr>
<tr><td>पोषण तथा सुरक्षा निर्देशक समितिको बैठक ०७७।३।७ १०।९ र ७।३</td><td>का पा सदस्य रामगोपाल मुखिया</td><td>३०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२७०००</td></tr>
</table></td><td>२७०००</td></tr>
<tr><td>८४</td><td>७१-०७६/१०/८ भू देव एग्रो ट्रेडिङ्ग कन्सर्नबाट ७५ प्रतिशत अनुदानको गँहुको विउ ४० के.जी. को २५ बोरा खरिद गरी रु.८००००। भुक्तानी गरेकोमा विउ वितरणको भरपाई र लागतको २५ प्रतिशत कृषक अनुदान रु.२००००। असुल गरी संचितकोष दाखिला गर्नु पर्ने समेत रु.</td><td>८००००</td></tr>
<tr><td>८५</td><td>४५८-०७७/३/३१ वार्षिक समिक्षा गोष्ठी वापतको रु.२ लाख र स्वास्थ्य संचार कार्यक्रमको २ लाख गरी रु.४ लाख स्वास्थ्य संयोजक श्यामदेव महासेठलाई भुक्तानी गरेकोमा प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ बमोजिम सम्बन्धित कार्यालयका कर्मचारीले प्रशिक्षण गरेमा प्रशीक्षण शुल्क नपाउने स्थानीय तहको गोष्ठीमा कार्यपत्र वापतको प्रति कक्षा रु.८००। दिने ब्यबस्था भएकोमा पालिकाले गाउँसभाबाटप्रदेश मापदन्ड भन्दा बढि दरमा मापदन्ड तोकी वार्षिक समिक्षा गोष्ठीमा संयोजक नरेश प्रसाद यादवलाई रु.२०००। का दरले रु.८०००। प्रशीक्षण शुल्क भुक्तानी गरेकोले प्रदेश मापदन्ड भन्दाबढी भुक्तानी गरी ब्ययभार पारेको रु.</td><td>४८००</td></tr>
<tr><td>८६</td><td>कार्यालयको नियमित काममा अनुगमन र बैठक भत्ताःअर्थ मन्त्रालय कार्य सन्चालन निर्देशिका २०७५ मा कार्यालय समयमा र एउटै कार्यालयका पदाधिकारी सम्मिलित बैठकमा बैठक भत्ता दिन नपाउने र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी बाहेकका सभाका सदस्यले कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको अनुसूची-१ वमोजिमको बैठक भत्ता वापत पाउने व्यवस्था रहेतापनि अनुसूची १ मा बैठक भत्ता उल्लेख नभएको अवस्थामा सभाका सदस्यलाई कुनै समिति र कार्यक्रमको बैठकमा र पालिका भित्र अनुगमन गरेको भत्ता दिन मिल्ने देखिदैन।पलिकाले गाउँपालिकाभित्रको स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गोष्ठी, र बिभिन्न कार्यक्रममा अनुगमन वापत् अध्यक्ष, उपाध्यक्ष, र कर्मचारीलाइ अनुगमन भत्ता र बैठक भत्ता भुक्तानी दिएको देखियो । लक्ष्य र प्रगतीको समिक्षा गरी प्रतिवेदन तयार गर्नु पर्ने र सो कार्यमा थप अनुगमनको आवश्यकता नपर्ने हुँदा खाजा बाहेक यस्तो खर्च लेख्न मिल्दैन । भुक्तानी भएको कर बाहेकको रकम असुल हुनु पर्ने रु.
<table>
<tr><td>ब शि नं</td><td>गै भौ</td><td>बिबरण</td><td>भुक्तानी पाउने</td><td>भुक्तानी कर बाहेक</td></tr>
<tr><td>गा पा चालु</td><td>४५८-०७७/३/३१</td><td>स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गोष्ठी अनुगमन</td><td>अध्यक्ष, उपाध्यक्ष,प्र प अ कर्मचारी कर्मचारी समेत ६ जना</td><td>५१००</td></tr>
<tr><td>शशर्त स्वास्थ्य</td><td>८४-२०७७।३।२९</td><td>औषधि आपुर्ति र</td><td>अध्यक्ष,</td><td>१६५७५</td></tr>
</table></td><td>१०७१८५</td></tr>
</table>

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | उपयोग सम्बन्धि स्वास्थ्य सस्थामा तेचौ अनुगमन ४ दिन | उपाध्यक्ष,प्र प अ कर्मचारी कर्मचारी समेत ६ जना | |
| शशर्त स्वास्थ्य | ८४-२०७७।३।२९ | औषधि आपुर्ति र उपयोग सम्बन्धि स्वास्थ्य सस्थामा दो चौ अनुगमन ४ दिन | अध्यक्ष, उपाध्यक्ष,प्र प अ संयोजक ४ जना | १४४५० |
| शशर्त स्वास्थ्य | ८४-२०७७।३।२९ | औषधि आपुर्ति र उपयोग सम्बन्धि स्वास्थ्य सस्थामा प्रथम चौ ४ दिन अनुगमन २०७७।३।२५ | अध्यक्ष, उपाध्यक्ष,प्र प अ संयोजक ४ जना | १४४५० |
| शशर्त स्वास्थ्य | ८४-२०७७।३।२९ | मासिक समिक्षा बैठक १२ वटा | १४ जना कर्मचारी ६ देखी १२ दिन सम्मको | ५६६१० |
| जम्मा | | | | १०७१८५ |

| | | |
|---|---|---|
| ८७ | ४७२-०७७/३/३१ ग्रामिण सामुदायिक विकास समाजलाई न्याय समितिको ५ दिने तालिमको रु.३९१२५०। भुक्तानी गरेकोमा निम्नानुसार देखियो । | |
| ८७.१ | आयकर ऐन २०५८ अनुसार मू.अ.करमा दर्ता भएको करदाताले रितपूर्वकको कर विजक पेश गर्नु पर्नेमा कर विजक पेश नगरेकोले भुक्तानीमा समावेश भएको मू.अ.कर रकम रु.४५०११। मू.अ.कर समायोजन गरेको प्रमाण र आम्दानी आय विवरणमा समावेश गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४५०११ |
| ८७.२ | गैर सरकारी संस्थाबाट तालिम संचालन गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ वमोजिम लागत अनुमान तयार गरी १५ दिने सूचना प्रकाशन गरी प्रतिस्पर्धाबाट संस्था छनौट गर्नु पर्नेमा गरेको देखिएन । | |
| ८७.३ | प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ भन्दा निम्नानुसार बढी दरमा प्रस्ताव र भुक्तानी गरी बढी ब्ययभार पारेको रु | ५७००० |

| विवरण | नर्म्स अनुसार | भुक्तानी | बढी |
|---|---|---|---|
| प्रतिवेदन लेखन | ३००० | १५००० | १२००० |
| प्रिन्टर,फोटोकपी, हेण्डआरउट, विविध | ३००० | २५००० | २२००० |
| संयोजक भत्ता ५ दिने | प्रति दिन ४००। | १४००० | १३००० |
| तालिम, प्रशिक्षक | प्रति कक्षा कार्यपत्रसमेत २० कक्षा प्रति कक्षा रु.१५०० | ४०००० | १०००० |
| जम्मा | | | ५७००० |

| | | |
|---|---|---|
| ८८ | ३२—०७६/८/१८ ७५ प्रतिशत अनुदानमा वितरण गर्ने अन्तरिक श्रोतबाट गहुँको विउ ५००० के.जि. अर्थात१२५ बोरा भुदेब एग्रो ट्रेडिङ्ग कन्सर्नबाट खरिद गरी रु.४०००००। भुक्तानी गरेकोमा उक्त विउ मध्ये ६ वटा वडामा एकमुष्ट १२० बोरा हस्तान्तरण गरेको देखियो । खरिद गरेको ५ बोरा | |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|
| | कार्यालयमा मौज्दात हो वा हस्तान्तरण गरेको खुलाएको छैन । उक्त विउको कृषकको लागत सहभागिता २५ प्रतिशत रकम १ लाख स्थानीय संचितकोष दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश तथा वितरणको भरपाई पेश हुनु पर्ने रु. | ४००००० |
| ८९ | **खर्च शिर्षक फरकः** खर्च वर्गीकरण व्याख्या अनुसार स्वीकृत योजना तथा कार्यक्रम अनुसार खर्च लेखांकन गर्नु पर्नेमा निम्नानुसार फरक शिर्षकमा लेखांकन गरेको अनियमित देखिएको रु. | २६३५८२१ |

| गो.भा.नं ब शि न | विनियोजन शिर्षक | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| ६५-गा पा चालु | डि.पि.आर तयारी तथा परामर्श सेवा | खाना खाजा विविध | १५७३२३.०० |
| ८९-गा पा चालु | डि.पि.आर तयारी तथा परामर्श सेवा | बैठक तथा अन्तर्गत खर्च | ५२०००.०० |
| १११। गा पा चालु | डि.पि.आर तयारी तथा परामर्श | आधारभूत स्वास्थ्य केन्द्र उद्घाटन खर्च | ५६००० |
| ११३- गा पा चालु | डि.पि.आर तयारी तथा परामर्श | माध्यमिक तहका विद्यार्थीहरुलाई अग्रेजी लेखन सिप तालिम | २५००० |
| २३८- गा पा चालु | कर्मचारी पदाधिकारी भ्रमण | दाउरा खरिद ढुवानी | २१००० |
| ४८३-गा पा चालु | विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन | बहुक्षेत्रीय पोषण कार्यक्रमको विद्यालयमा सरसफाई सामाग्री वितरण | १४९८३८ |
| १३५- गा पा चालु | सूचना प्रशासन एफ. एम. | सभा संचालन खर्च | १२६५६ |
| ४७७- गा पा चालु | वहुक्षेत्रीय पोषण कार्यक्रमको बैठक भत्ता | अनुगमन तथा भ्रमण खर्च विशेषज्ञ सहितको निःशुल्क स्वास्थ्य शिविर संचालन | १६५००० |
| १७४- गा पा चालु | गा.पा.को जिडिटल पार्श्व चित्र तयारी तथा वडा कार्यालयमा डिजिटल वार्ड | मोबाईद खरिद | २७३०० |
| १७६- गा पा चालु | गा.पा.को जिडिटल पार्श्व चित्र तयारी तथा वडा कार्यालयमा डिजिटल वार्ड | कार्यालय सामान | ३९८५० |
| १७८- गा पा चालु | गा.पा.को जिडिटल पार्श्व चित्र तयारी तथा वडा कार्यालयमा डिजिटल वार्ड | ल्याप्टप, फोटोकपी मेसिन, मोबाईल | २७८८८४ |
| ९३- गा पा चालु | गा.पा.को जिडिटल पार्श्व चित्र तयारी तथा वडा कार्यालयमा डिजिटल वार्ड | न्यूटेरिकल सप्लायर्स मोबाईल खरिद | १९२१०० |
| १०- गा पा चालु | कर्मचारी पदाधिकारी अवलोकन भ्रमण | चिया,खाजा, विविध | १५०००० |
| २२- गा पा चालु | कर्मचारी पदाधिकारी अवलोकन भ्रमण | चिया,खाजा, विविध | ६३०२० |
| २३- गा पा चालु | डि.पि. आर तयारी तथा परामर्श सेवा | फिल्ड सहायक कर्मचारी नियुक्तीको बैठक भत्ता र अन्तवार्ता खर्च | ३९०५० |

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ९५- गा पा चालु | गा.पा.को डिजिटल पार्श्व चित्र तयारी तथा वडा कार्यालयमा डिजिटल वार्ड | ल्याप्टप खरिद | ४८२००० |
| ८७-सङघिय चालु | पारिश्रमिक(२१११११) | कार्यालय सामान खरीद | ४००००० |
| ९१- सङघिय चालु | पारिश्रमिक(२११११) | अनुगमनमूल्यांकन खर्च | १७२१०० |
| ९२- सङघिय चालु | पारिश्रमिक(२११११) | भ्रमण खर्च | १५२७०० |
| जम्मा | | | २६३५८२१ |

९० **हस्तान्तरण फारमः** पालिकाले निम्नानुसार निःशुल्क वितरणका लागि औषधी तथा कार्यालय सामाग्री खरिद गरेकोमा स्वास्थ्य संस्थाहरुमा हस्तान्तरण गरी आम्दानी बाँधेको प्रमाण पेश हुनु पर्ने रु. १२९९९९६

| गो.भा.नं | भुक्तानी पाउने | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| १२९।२०७६।१२।४ | राम सर्जिकल हाउस | औषधी खरिद | १९९९९६ | स्वास्थ्य संस्थाका लागि |
| १३१-०७६।१२।४ | लव मेडिकल हल | औषधी खरिद | ९००००० | स्वास्थ्य संस्थाका लागि |
| १७३-०७७।१।१६ | श्यामदेव महासेटलाई खरिदविल संलग्न गरी भुक्तानी | कार्यालय सामाग्री | २००००० | स्वास्थ्य संस्थाका लागि खरिद गा.पा. दाखिला नभएको |
| जम्मा | | | १२९९९९६ | |

९१ **औषधी खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा विल लाख रुपैया सम्मको औषधीजन्य मालसामान त्यस्तो माल सामानको उत्पादकले राष्ट्रीयस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिनेमा पालिकाले ५ लाख भन्दा बढीको निम्नानुसार सप्लायर्सबाट उत्पादकको बिक्री मूल्य नलिइ सोझै दररेट लिई खरिद गरेको अनियमित रु. ९०००००

| गो.भा.नं | भुक्तानी पाउने | विवरण | रकम |
|---|---|---|---|
| १३१-०७६।१२।४ | लव मेडिकल हल | औषधी खरिद | ९००००० |

९२ **अन्य कार्यालयको खर्चः** पालिकाले आफ्नो कार्यक्रम र अख्तियारीबाट अन्य कार्यालयको खर्च भुक्तानी गरेको अनियमित देखिएको रु ६८६१६८

| गो.भा.नं | कार्यालयको नाम | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १३६-०७६।१२।४ | जिल्ला समन्वय समितिको कार्यालय महोत्तरी | निःशुल्क स्वास्थ्य शिविर खर्च | आर एस फेमली होटल | १६९५०० |
| १५३-०७७।१।५ | जिल्ला प्रशासन कार्यालय | कार्यालयको कामले एकडारा गा.पा. | कामेश्वर यादव | १०००० |
| १५९-०७७।१।१२ | नेपाल आरमी | कार्यालय सामान मेट्रेस ५७ थान | आफरिन ईन्टरप्राइजेज | ४९४६६८ |
| ३१५-०७७।३।२२ | मा.पो.जलेश्वर | जग्गा सम्बन्धी | दिपेन्द्र कुमार झा | १२००० |
| जम्मा | | | | ६८६१६८ |

९३ **बढी भुक्तानीः** १३६-०७६।१२।४ जिल्ला समन्वय समितिको कार्यालयको मिति २०७६।११।५ को नेपाली सेना र स्वास्थ्य मन्त्रालयको संयुक्त आयोजनामा २०७६।८।२७ देखि पौष ५ सम्म संचालित निःशुल्क स्वास्थ्य शिविरमा जलेश्वर अस्पतालबाट खटिएका स्वास्थ्यकर्मिको खानेवस्ने खर्च वापतको रकम जलेश्वर र मटिहानी न.पा. २/२ लाख, पिपरा र महोतरी गा.पा.१.५/१.५ लाख र एकडारा गा.पा. संग रु.१५००००। समेत ५ वटा पालिकासंग कुल रु.८५००००। अनुरोध गर्ने निर्णय संलग्न गरी आर.

<table>
<tr><th></th><th>लेखापरिक्षणबाट देखिएका व्यहोराहरु</th><th></th></tr>
<tr><td></td><td>एस. फेमली होटल एण्ड गेष्ट हाउसलाई रु.१६९५००। भुक्तानी गरेको छ । उक्त खर्च जलेश्वर अस्पतालबांट भुक्तानी वेहोर्नु पर्नेमा यस पालिकाबाट बेहोरेकोमा दोहोरो भुक्तानी नभएको प्रमाण पेश तथा निर्णय भन्दा बढी भुक्तानी भएको रु.१९५००। असुल हुनु पर्ने रु.</td><td>१९५००</td></tr>
<tr><td>९४</td><td>१३८-०७६/१२/५ स.ले.पा विनोद कुमार साहलाई कार्यालय सम्बन्धी कामकाज भनी निम्नानुसार मितिको भ्रमण आदेशबाट काठमान्डौ काज खटाई भ्रमण प्रतिवेदन वेगर भ्रमण भत्ता रु.७७०००। र मर्मत खर्च गरी रु.९००००। भुक्तानी गरि बढि व्ययभार पारेको रु
<table>
<tr><th>अवधि</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>०७६।४।८ देखि ०७६।४।१४</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td>०७६।५।२ देखि ०७६।५।८</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td>०७६।६।१० देखि ०७६।६।१६</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td>०७६।७।२१ देखि ०७६।७।२७</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td>०७६।८।२४ देखि ०७६।८।३०</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td>०७६।९।१८ देखि ०७६।९।२४</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td>०७६।१०।१० देखि ०७६।१०।१६</td><td>कार्यालय सम्बन्धी कामकाज</td><td>११०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>७७०००</td></tr>
</table></td><td>७७०००</td></tr>
<tr><td></td><td>शशर्त स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>९५</td><td>८४-०७७/३/२९ भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा १५ किलोमिटर भित्र कार्यालय वा आफ्नो र आफ्नो परिवारको नाममा स्थायी बसोबास भएको पदाधिकारी वा कर्मचारीले भ्रमण वा काजमा रहँदा दैनिक भत्ता, फिल्ड भत्ता, भ्रमण भत्ता र होटलवास खर्च नपाउने व्यवस्था छ । स्वास्थ्य संयोजक श्री श्यामदेव महासेठलाई गाउँपालिका भित्र संचालन भएको आधारभूत तथा आकास्मिक सेवको सुनिश्चिताको लागि औषधीको आपूर्ति र उपयोगमा तालिममा भ्रमण गरेवापत स्वास्थ्य संयोजक श्री श्यामदेव महासेठलाई रु.३८,८००।भ्रमण भत्ता र रु.७७००। यातायात खर्च गरी जम्मा रु.४६५००। भुक्तानी गरेकोमा कर कट्टी रु.३८८। बाहेक रु.४६११२। भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु.</td><td>४६११२</td></tr>
<tr><td>९६</td><td>पारिवारी भ्रमण खर्चः ९२-०७७/३/३१ भ्रमण खर्च नियमावली २०६४ वमोजिम सरुवा भै आउने कर्मचारीलाई पारीवारीक भ्रमण खर्च भुक्तानी गर्दा म.ले.पा.फा. नं १८९ प्रमाणित गरी वास्तविक लाग्ने खर्च मात्र भुक्तानी दिनु पर्ने व्यवस्था भएकोमा पालिकाले निम्न कर्मचारीहरुको प्रमाणित पारिवारिक विवरण,बेगर परीबार ल्याएको भनी बस टिकट वेगर वास्तविक दुरी अनुसार लाग्ने दिन भन्दा बढी दिनको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखियो ।बारा सर्लाही र रौतहटबाट एकै दिनमा आउन सकिनेहुदा दैनिक भत्ता रु १५०० गाडिभाडा बढिमा रु १००० र फुटकर खर्च रु २००० गरी रु ४५००मात्र पाउने देखिएकोले आबश्यक प्रमाण पेश हुनुपर्ने अन्यथा बढी रकम असुल हुनु पर्ने रु.
<table>
<tr><th>कर्मचारीको नाम र पद</th><th>विवरण</th><th>पाउने रकम</th><th>भुक्तानी</th><th>बढी रकम</th></tr>
<tr><td>हे.अ. मुकेश कुमार यादव</td><td>शिव मंदिर स्वा.चौकी देखि एकाडार</td><td>४५००</td><td>२६०००</td><td>२१५००</td></tr>
<tr><td>अ.न.मि.बबिता कुमारी मण्डल</td><td>बारा देखि एकाडार</td><td>४५००</td><td>१९०००</td><td>१४५००</td></tr>
<tr><td>हे.अ.राम सजन साह</td><td>सुखीपुर सिरहा देखि एकाडारा</td><td>४५००</td><td>२०४००</td><td>१५९००</td></tr>
<tr><td>अ.हे.व. राविन्द्र कुमार सिंह</td><td>महागढीमाई न.पा.बारा देखि एकाडारा</td><td>२५४००</td><td>४५००</td><td>२०९००</td></tr>
</table></td><td>१२१२००</td></tr>
</table>

| | लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु | | | | |
|---|---|---|---|---|---|
| | हे.अ. दिपक कुमार मण्डल | सुखिपुर सिरहा देखी एकडारा | ४५०० | १७५०० | १३००० |
| | हे.अ.व.राम एकवाल सिंह | आदर्श कोतवाल गा.पा. बारा देखि एकडारा | ४५०० | १८२०० | १३७०० |
| | अ.हे.व नन्ददेव मण्डल | माधव नारायण न.पा .रौतहट देखि एकाडारा | ४५०० | २६२०० | २१७०० |
| | जम्मा | | | | १२१२०० |

९७ **वडा कार्यालय खर्चः** स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ मा वडा कार्यालयको प्रशासनिक खर्च सभाले तोके बमोजिम विधि र प्रक्रिया बमोजिम खर्च गर्ने व्यवस्था छ । पालिकाले सवै वडामा, विविध, चिया खाजा बैठक भत्ताका बिल एकमुष्ट लिइ मासिक १५००० का दरले वडा सचिवलाइ भुक्तानि गरेको देखियो ।वडा कार्यालयमा खर्चको अख्तियारी नभएको अबस्थामा यस्ते खर्च मितब्ययी र नियम सम्मत नदेखिएको रु

११०५०००

| गो.भा.नं | भुक्तानी प्राप्त गर्ने | अवधि | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १३९-०७६।१२।९ | वडा नं ३ का वडा सचिव कौशलेन्द्र कुमार कर्ण | श्रावण देखि पौषसम्म प्रति महिना १५०००। का दरले भुक्तानी | ९०००० | चिया नास्ताका संलग्न |
| १४१-०७६।१२।९ | वडा नं २ वडा सचिव गोनु मण्डल | श्रावण देखि पौषसम्म प्रति महिना १५०००। का दरले भुक्तानी | ९०००० | चिया नास्ताका विल संलग्न |
| १४३-०७६।१२।९ | वडा नं ६ वडा सचिव लाल बहादुर ठाकुर | श्रावण देखि पौषसम्म प्रति महिना १५०००। का दरले भुक्तानी | ९०००० | चिया नास्ताका विल संलग्न |
| १४५-०७६।१२।९ | वडा नं १ का का.स. रविन्द्र मण्डल | श्रावण देखि फाल्गुन | १००००० | ०७६।७।४ को गाउँ सभा तथा ०७६।१०।१७ को गा.पा. निर्णयबाट का.स. पदमा निरन्तरता दिने |
| ३२४-०७७।३।२२ | वडा नं ६ गोनु मण्डल | भाद्र देखि आषाढ सम्म | ९०००० | चिया,नास्ता , बैठकमा उपस्थित |
| ३२६-०७७।३।२३ | वडानं ३ कौशलेन्द्र कुमार कर्ण | | ७५००० | चेक क्यान्सिल |
| ३२९-०७७।३।२३ | वडानं ३ कौशलेन्द्र | फाल्गुन देखि | ६०००० | चिया,नास्ता , बैठकमा |

<table>
<tr><td></td><td>लेखापरिक्षणबाट देखिएका ब्यहोराहरु</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>कुमार कर्ण</td><td>आषाढ</td><td></td><td>उपस्थित</td></tr>
<tr><td>३७६-०७७।३।२६</td><td>वडा नं २ लाल बहादुर ठाकुर</td><td>भाद्र देखि आषाढ सम्म</td><td>६००००</td><td>चिया,नास्ता , बैठकमा उपस्थित</td></tr>
<tr><td>३८२-०७७।३।२७</td><td>वडा नं १ अरुण कुमार मण्डल</td><td>श्रावण देखि आषाढ सम्म</td><td>१५००००</td><td>चिया,नास्ता , बैठकमा उपस्थित</td></tr>
<tr><td>३८४-०७७।३।२७</td><td>वडा नं ४ रतन राय</td><td>श्रावण देखि आषाढ सम्म</td><td>१५००००</td><td>खाजा विल</td></tr>
<tr><td>३८६-०७७।३।२७</td><td>वडा नं ५ रतन राय</td><td>श्रावण देखि आषाढ सम्म</td><td>१५००००</td><td>चिया,नास्ता , बैठकमा उपस्थित</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११०५०००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९८</td><td>१४६-०७६/१२/९ यूनिसेफतर्फका ४ जना वास सहजकर्ताको कार्यपालिकाको निर्णयले २०७६।७।३० सम्म म्याद थप गरी २०१९ अगष्ट देखि नोभेम्वर सम्मको परिश्रमिक रु.८०३२५। भुक्तानी गरेकोमा यूनिसेफको क्षेत्रीय कार्यालय जनकपुरबाट सोधभर्ना लिनु पर्ने रु.</td><td>८०३२५</td></tr>
<tr><td>९९</td><td>२०८-०७७/२/८ दक्षिणकाली नगरपालिका काठमाण्डौबाट सरुवा भई आएका अधिकृत सातौं इन्दल साहलाई पारिवारीक सरुवा क्रममा रु.२२५००। भुक्तानी गर्दा कर्मचारी सहित ६ जनाको भुक्तानी गर्दा ट्याक्सी खर्च ६ जनाको रु.७००। का दरले टेम्पोखर्च ६ जनाको रु.२००। का दरले भुक्तानी गरेको छ । परिवार एउटै ट्याक्सी र टेम्पोमा आउने हुँदा छ जनाको बढी भुक्तानी रु.४५००।असुल गर्नु पर्ने रु.</td><td>४५००</td></tr>
<tr><td>१००</td><td>२१०-०७७/२/९ मदरसा गौसिया रिजानिया दारुल ओलम एकडारा-३ का कार्यालय सहयोगीको मासिक रु.७५००। का दरले रु.९००००। राजस्व बाँडफाँड संघीय सरकारको वजेटबाट भुक्तानी गरेकोले उक्त खर्च शसर्त शिक्षाको कार्यक्रमबाट हने हुँदा दिन नमिल्ने रु.</td><td>९००००</td></tr>
<tr><td>१०१</td><td>पान विलबाट खरिदःसार्बजनिक खरिद नियमावली २०६४ बमोजिमरु २०००० भन्दा बढिको खरिद मु अ करमा दर्ता भएकोसग गर्नुपर्नेमा निम्नानुसारको खरिद दर्ता नभएकोबाट गरेको देखियो ।कर बिजकपेश नभएको भुक्तानीमा आयकर ऐनको दफा ८८ बमोजिम १५प्रतिशत अग्रीम कर कट्टी गर्नुपर्नेमा घटि कट्टि गरेकोले कर रकम असुल तथाखर्च नियमित नदेखिएको रु
<table>
<tr><th>गो.भा.नं</th><th>सप्लायर्स</th><th>खर्च विवरण</th><th>रकम</th><th>नपुग TDS</th></tr>
<tr><td>२०३-०७७।२।७</td><td>पशुपति छापखाना</td><td>कार्यालय सामान</td><td>५७४९०</td><td>७७६१</td></tr>
<tr><td>३४८-०७७।३।२५</td><td>जलेश्वर टाइम्स</td><td>सूचना प्रकाशन</td><td>७००००</td><td>९४५०</td></tr>
<tr><td>३७८-०७७।३।२५</td><td>जयबाबा विश्वकर्मा टेन्ट हाउस</td><td>टेण्ट निर्माण सभा संचालन</td><td>३८०००</td><td>५१२०</td></tr>
<tr><td>४५६-०७७।३।३१</td><td>आर के ट्रेडर्स</td><td>कार्यालय सामाग्री मसलन्द</td><td>३२४५०</td><td>४३८०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>२६७११</td></tr>
</table>
</td><td>२६७११</td></tr>
